# गौशाला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**गौशाला, महोत्तरी** प्रदेश नं.२,नेपाल

**आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५।२।२०

गौशाला नगरपालिकाले आ.व. २०७५।०७६ मा आन्तरिक आय संकलनको लागि तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तको अधीनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

शर्तहरु :

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समयसम्म यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरेको बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म सिलबन्दी गरी खाम बाहिर विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा दर्ता गर्ने अन्तिम दिनको अपरान्ह ३:०० बजे गौशाला नगरपालिका कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४. दर्ता भएका बोलपत्रहरु उपर बोलपत्र दर्ता हुने अन्तिम मितिको भोलि पल्ट निर्णय हुनेछ । केरमेट गरी सही नगरेको, सही छाप नभएको, म्याद नाघी पर्न आएको बोलपत्र स्वीकृत गरिने छैन ।

५. बोलपत्र दाता नेपाली नागरिक भए आफूले कबुल गरेको अंकको ५ प्रतिशत र गैरनेपाली नागरिक भए आफूले कबुल गरेको अंकको १० प्रतिशत धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड गौशाला शाखामा रहेको धरौटी खाता नं. ०९४०३००००००००३००००३ मा जम्मा गरेको सक्कल बैंक भाउचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा पचहत्तर दिन म्याद भएको बिड बण्डको सक्कल प्रति बोलपत्र फारम साथ संलग्न राखि पेश गर्नु पर्ने छ ।

६. बोलपत्र दाताले भरेको कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिनेछ ।

७. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्नेसबै कर ठेक्कादार स्वयंले बुझाउनु पर्ने छ ।

८. ठेक्का स्वीकृत भई किस्ताबन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नु पूर्व र बाँकी किस्ताको रकम बराबरको ने.रा.बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेण्टी अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । यस बाहेक कुनै प्रकारको धन जमानी स्वीकार गरिने छैन ।

९. समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट नगरपालिकाले किस्ता रकम असुल उपर गर्नेछ ।

१०. ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिईनेछ । साथै बैंक ग्यारेन्टीबाट प्रति किस्ता रकम तिर्ने गरी बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

११. ठेकेदारले बोलपत्र फारम साथ संलग्न दर रेट अनुसार कर संकलन गर्नु पर्नेछ ।

१२. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ ।

१३. ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाईने छ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन ।

१४. बोलपत्रदाता र नगरपालिका कार्यालयबीच कुनै किसिमको मतभिन्नता उत्पन्न भए नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. ठेक्का सम्बन्धी कुनै जानकारी लिनु परेमा नगरपालिका कार्यालमा सम्पर्क राख्न सकिने छ ।

१६. यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

<u>तपसिल</u>

<table>
<tr><th>बोलपत्र नं.</th><th>ठेक्काको किसिम</th><th>न्यूनतम ठेक अंक रु.</th><th>बोलपत्र फारम दस्तुर रु.</th><th>ठेक्का अबधी</th></tr>
<tr><td>१/२०७५-०७६</td><td>गोरु बजार<br>(हप्ताको दुई दिन लाग्ने)</td><td>४९,६२,२७०।-</td><td>३०००।-</td><td rowspan="8">२०७५।४।१ देखि २०७६ असार मसान्त सम्म</td></tr>
<tr><td>२/२०७५-०७६</td><td>खसि बाख्रा/मासु बजार(हप्ताको दुई दिन लाग्ने)</td><td>३१,४०,५०५।-</td><td>३०००।-</td></tr>
<tr><td>३/२०७५-०७६</td><td>खुद्रा हाट बजार(हप्ताको दुई दिन लाग्ने)</td><td>१८,१६,७०६।-</td><td>३०००।-</td></tr>
<tr><td>४/२०७५-०७६</td><td>गुद्री हाट बजार (हप्तामा पाँच दिन लाग्ने)</td><td>८,००,०००।-</td><td>३०००।-</td></tr>
<tr><td>५/२०७५-०७६</td><td>बिशाल बजार रामनगर(हप्ताको दुई दिन लाग्ने)</td><td>१,२२,४३१।१</td><td>१०००।-</td></tr>
<tr><td>६/२०७५-०७६</td><td>बिरेन्द्र+दिपेन्द्र बजार(हप्ताको दुई दिन लाग्ने)</td><td>५६,०००।-</td><td>१०००।-</td></tr>
<tr><td>७/२०७५-०७६</td><td>कान्ति बजार</td><td>१,४३,०००।-</td><td>१०००।-</td></tr>
<tr><td>८/२०७५-०७६</td><td>जमुनिया बजार</td><td>७,७००।-</td><td>१०००।-</td></tr>
<tr><td>९/२०७५-०७६</td><td>मल्हनिया पोखरी रामनगर १</td><td>२५,००,०००।-</td><td>३,०००।-</td><td rowspan="3">२०७५।४।१ देखि २०८० असाढ मसान्त सम्म</td></tr>
<tr><td>१०/२०७५-०७६</td><td>निगौल ठाकुर पोखरी १ र ओलारा पोखरी २</td><td>७५,००,०००।-</td><td>३,०००।-</td></tr>
<tr><td>११/२०७५-०७६</td><td>फारलेन छेउ पोखरी बटौवा</td><td>२५,०००।-</td><td>१,०००।-</td></tr>
</table>